प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## एक बिषय मौका परीक्षाको आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७९।०७।२३)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित सेमेष्टर परीक्षा प्रणाली अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका सिभिल, सिभिल(स्पेशलाइजेशन इन हाइड्रोपावर), जियोमेटिक्स, आर्किटेक्चर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, कम्प्यूटर, मेकानिकल, अटोमोवाइल, रेफ एण्ड ए.सी, होटल म्यानेजमेण्ट, इन्टरप्रेनरशिप डेभलपमेण्ट, सोसियल वर्क्स, इन्फर्मेशन टेक्नोलोजी, फुड एण्ड डेरी टेक्नोलोजी कार्यक्रमहरुको र प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रम तर्फ यो सूचना प्रकाशित भएको मितिसम्म प्रथम बर्ष प्रथम खण्ड देखि तेश्रो वर्ष प्रथम खण्ड उत्तीर्ण भई **तेश्रो बर्ष दोश्रो खण्डमा मात्र कुनै एक सैद्धान्तिक बिषय अनुत्तीर्ण भएका** परिषद् परीक्षा सम्वन्धी बिनियमावली २०७१ बमोजिम **सैद्धान्तिक एक विषयको मौका परीक्षा** २०७९ साल मंसिर महिनामा संचालन हुने हुंदा सम्बन्धित परीक्षार्थीहरुले २०७९ साल मंसिर ६ गते भित्र नियमित शुल्क र मंसिर १३ गते भित्र बिलम्ब शुल्कमा सम्वन्धित शिक्षालयहरुमा परीक्षा आवेदन फाराम भरी बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ । उक्त आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको दुबै कान सहित अनुहार प्रष्ट देखिने **पासपोर्ट साईजको** फोटो १ (एक) प्रति टाँसिएको हुनुपर्नेछ ।

२. परीक्षा आवेदन फाराम शुल्क वापत रु. ३००।- बुझाउनु पर्नेछ ।

३. सम्वन्धित शिक्षालयहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम मिति २०७९।०८।०७ गते भित्र नियमित शुल्क र मिति २०७९।०८।१४ गते भित्र बिलम्ब शुल्कको रकम अनिवार्य रुपमा सम्वन्धित परिषद्, प्रदेश कार्यालयको बैंक खातामा बुझाउनु पर्नेछ ।

४. २०७५ साल (सन् २०१८) मा रजिष्ट्रेशन कायम भई २०७८ साल फागुन/चैत्र महिनामा संचालन भएको **तेश्रो बर्ष दोश्रो खण्डको परीक्षामा एक सैद्धान्तिक विषयमा मात्र अनुत्तीर्ण परीक्षार्थीहरुले एक विषय मौका परीक्षाको आवेदन फाराम भर्न पाउने छन्** । आवेदन फाराम साथ **प्रथम बर्ष प्रथम खण्ड देखि तेश्रो वर्ष प्रथम खण्ड सम्म सम्पुर्ण बिषयमा उत्तीर्ण गरेको लब्धांक पत्र (Mark Sheet) को प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ** । यदि सेमेष्टर परीक्षा प्रणाली तर्फ प्रथम बर्ष प्रथम खण्ड देखि तेश्रो वर्ष प्रथम खण्डमा अनुत्तीर्ण परीक्षार्थीहरुले उक्त परीक्षाको आवेदन फाराम भरी परीक्षा दिएमा उक्त परीक्षा स्वतः रद्द हुनेछ ।

५. अन्य शिक्षालयवाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त शिक्षालयको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ र स्थानान्तरणको अनुमति पत्रको छायां प्रति समेत संलग्न राख्नु पर्नेछ ।

६. आवेदन फाराम परिषद्का सम्वन्धित प्रदेश कार्यालयहरुमा सम्बन्धित शिक्षालय मार्फत बुझाउनु पर्नेछ ।

७. प्रवेश पत्र विना परीक्षामा सामेल गराइने छैन । अतः सम्बन्धित शिक्षालयहरुले प्रवेश पत्र तोकिएको समय भित्र बुझिलिनु पर्ने छ ।

८. परीक्षा सञ्चालन हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिने छ ।

९. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले नियमित शुल्कको परीक्षा आवेदन फाराम मिति २०७९।०८।०६ गते कार्यालय समय भित्र र बिलम्ब शुल्कको मिति २०७९।०८।१३ गते कार्यालय समय भित्र Web Based Online ITMS मा शिक्षण संस्थाहरुले Entry गरिसक्नुपर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**